# जगदम्बा स्पिनिङ्ग मिल्स लिमिटेड

का.म.न.पा. वडा नं. ३२ तिनकुने, सुविधानगर, काठमाडौं, नेपाल
Email : info@jspinning.com
Website : https://jspinning.com/

## चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८१/०९/१४)

आदरणीय, शेयरधनी महानुभावहरु,

यस जगदम्बा स्पिनिङ्ग मिल्स लिमिटेडको मिति २०८१ मंसिर २८ गते शुक्रबार बसेको आ.व. २०८१/८२ को ७ औँ सञ्चालक समितिको बैठकको निर्णयानुसार देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न लिखित मिति, समय र स्थानमा यस कम्पनीका चौथो वार्षिक साधारण सभा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

**वार्षिक साधारण सभा बस्ने मिति, स्थान र समय**

मिति : २०८१ साल पौष महिना २३ गते (तद्नुसार ७, जनवारी २०२५) ।

समय : बिहान ११:०० बजे ।

स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय तिनकुने, काठमाडौं ।

**(क) सामान्य प्रस्तावहरू**

१) आ.व. २०८०/०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरिक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु सहित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/०८२ को लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) कम्पनी ऐन, २०६३ को दफा ९३ बमोजिम यस कम्पनीका आधारभुत शेयरधनी वा संचालक सम्बद्ध रहेको संस्थासँग तथा यसै संस्थासँग सम्बद्ध कम्पनीसँग गरेको कारोबार विवरणलाई अनुमोदन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

५) विविध ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव